# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

## भरतपुर महानगरपालिका

भरतपुर चितवन, वागमती प्रदेश, नेपाल

स्था: २०७८


प.सं.: २०८०/०८१

च.नं.: ४२

मिति: २०८०।८।१२

### जिल्लास्तरीय निवन्ध प्रतियोगिताका लागि निवन्ध आह्वान सम्वन्धी सार्वजनिक सूचना !

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको वार्षिक स्वीकृत कार्यक्रम अनुसार "मेरो सपनाको भरतपुर" शीर्षकमा चितवन जिल्लास्तरीय खुल्ला निवन्ध प्रतियोगिता आयोजना गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदै सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

निवन्ध प्रतियोगिता सम्वन्धी आधारभूत जानकारी तथा नियमहरू :

१) प्रतियोगी निवन्धकार चितवनवासी हुनुपर्ने । प्रतियोगीले निवन्धसँगै आफ्नो छोटो परिचय, परिचय खुल्ने प्रमाणपत्र ( नेपाली नागरिकता / राष्ट्रिय परिचय पत्र / मतदाता परिचय पत्र / जन्मदर्ता / विद्यालय वा क्याम्पसबाट जारी परिचय पत्र मध्ये कुनै एक ) मोवाइल नं., इमेल र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो पनि पठाउनु पर्नेछ ।

२) निवन्ध नेपाली युनिकोड वा प्रिती फन्टमा टाइप गरी आगामी २०८० पौष १५ सम्ममा प्रज्ञाप्रतिष्ठानको इमेल pragyapratisthanbhr078@gmail.com मा पठाउनुपर्नेछ ।

३) नेपाली भाषाको मौलिक निवन्ध हुनुपर्ने र बढिमा २००० शब्दसम्म हुनुपर्नेछ ।

४) यसअघि कँही कतै प्रकाशित र प्रसारित निवन्ध हुन नहुने र नतिजा प्रकाशित नहुँदासम्म कतै पनि प्रकाशन, प्रसारण गर्न पाइने छैन ।

५) तोकिएको समयभित्र प्राप्त भएका निवन्धहरूलाई मूल्याङ्कन समितिले निर्णय गरी उत्कृष्ट ठहरिएका ५ निवन्धहरूलाई नगद पुरस्कार ( सर्वोकृष्ट रु १०,०७८।००, उत्कृष्ट रु ८,०७८।००, उत्तम रु ६,०७८।०० र प्रोत्साहन बढिमा २ जनालाई रु ४,०७८।००) र प्रमाणपत्रसहित सम्मान गरिनेछ र महानगर साहित्य दर्पण अङ्क ३ मा प्रकाशनसमेत गरिनेछ ।

६) मूल्याङ्कन समितिको सिफारिसमा प्रज्ञाप्रतिष्ठानको प्राज्ञपरिषद्ले निर्णय गरी पुरस्कृत निवन्धकारहरूको नामावली र पुरस्कार प्रदान गरिने मिति र कार्यक्रम पछि जानकारी गराइनेछ ।

थप जानकारी तथा समन्वयका लागि

सदस्य सचिव श्री वालकृष्ण थपलिया

मोवाइल नं. ९८४५०५११२७

इमेल : pragyapratisthanbhr078@gmail.com

श्री सूचना शाखा : महानगरको वेभ पेजमा सूचना अपलोड गरि वडा कार्यालयहरूमा समेत पत्राचार गरिदिनु हुन अनुरोध गर्दछु ।

वालकृष्ण थपलिया

सदस्य सचिव

**सदस्य सचिव**




CamScanner